# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## खप्तडछान्ना गाउँपालिका

बझाङ




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## खप्तडछान्ना गाउँपालिका

बझाङ




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## खप्तडछान्ना गाउँपालिका

बझाङ

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५४६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू ,
खप्तडछान्ना गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले खप्तडछान्ना गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ४ करोड ४९ लाख १८ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १० लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ३५ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३ लाख १२ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. १० करोड १६ लाख ७५ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरूजु समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १४ करोड ६५ लाख ९३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

खसडछान्ना गाउँपालिका, बझाङ

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४२ | १३२ | ४४९१८ | ० | ० | ० | ४२ | १३२ | ४४९१८ | १०४९ | १०३१२ | ३३५५७ | ० | ० | ४३८६९ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तह र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| खसडछान्ना गाउँपालिका, बझाङ | १०१६७५ | ० | ० | १०१६७५ | ० | ४४९१८ | १४६५९३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : खप्तडछान्ना गाउँपालिका, बझाङ , खप्तड छन्न गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिपक कुमार रावल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मदन राज जोशी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४४,९१७,७५९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,९६,३०,२१३.८५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,८५,३०,८६१.४८ | **चालु खर्च** | २६,३१,४०,२७८.३१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५३,७५,६९१ | **पूँजीगत खर्च** | १४,८९,२६,७७५.७ |
| **राजश्व बाँडफाँट** | ५,९५,००,७६५.४४ | **वित्तीय/अन्य व्यवस्था** | १०,११,९१,१२५.९५ |
| **आन्तरिक आय** | २५,५०,७८३.५५ | | |
| **अन्य आय** | ९,८८,४८,३५० | | |
| **कुल आय** | ५२,४८,०६,४५१.४७ | **कुल खर्च** | ५१,३२,५८,१७९.९६ |
| **बाँकी मौज्दात** | | ३,११,७८,४८५.३६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br><br>परिचय–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ११३.५२वर्ग किलोमिटर क्षेत्रफल तथा १५ हजार ८९३ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली<br><br>लेखापरीक्षणको क्रममा रु वडा न ५ को ३९००० राजश्व राष्टिय वाणिज्य वैक वझाङ मा १५१११ मा दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>एकिकृत आय व्यय<br><br>स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा साहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।<br><br><table>
<tr><td>आय तर्फ</td><td></td><td></td><td>सि.नं.</td><td>व्यय तर्फ</td><td></td><td></td></tr>
<tr><td>विवरण</td><td>रकम</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td></tr>
<tr><td>गत वर्षको जिम्मेवारी</td><td></td><td></td><td>१</td><td>चालु खर्च</td><td>263140278.31</td><td>263140278.31</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क) बैंक | 14752016.25 | 19630213.85 | २ | पूँजीगत खर्च | 148926775.65 | 148926775.7 |
| ख) धरौटी मौज्दात | 3878198 | | ३ | विपद व्यवस्थापन खर्च | 710800.00 | 710800.00 |
| ग) प्रकोप मौज्दात | 1000000 | | ५ | धरौटी फिर्ता | 2500000.00 | 2500000 |
| घ) नगद मौज | 0.00 | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| राजस्व (आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | | |
| क) आन्तरिक राजस्व | 2550783.55 | 62051548.99 | | ख) ब्याज भुक्तानी | | |
| ख) राजस्व बाँडफाँड | 59500765.44 | | | ग) अन्य भुक्तानी | | |
| ग) अन्य आय | | | ४ | लगानी | | |
| वित्तीय हस्तान्तरण | | 338530861.48 | | ऋण लगानी | | |
| क) वित्तीय समानीकरण अनुदान | 106100000.00 | | | शेयर लगानी | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख) सशर्त अनुदान | 221630861.48 | | | अन्य लगानी | | |
| ग) समपूरक अनुदान | 0.00 | | | | | |
| घ) विशेष अनुदान | 10800000.00 | | | | | |
| | | | ७ | अन्तर सरकारी | | |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | 25375691.00 | ७ | मौज्दात | | |
| क) वित्तीय समानीकरण अनुदान | 7535000.00 | | | क) नगद मौज्दात | | |
| ख) सशर्त अनुदान | 4032000.00 | | | ख) बैंक मौज्दात | 28643063.76 | 28643063.76 |
| ग) समपूरक अनुदान | 6708691.00 | | | चालु खर्च | | |
| घ) विशेष अनुदान | 7100000.00 | | | पूजिगत खर्च | | |
| प्रकोप आम्दानी | 868024.00 | 868024.00 | | | | |
| अन्तर सरकारी | | | | संचित कोष | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वित्तीय व्यवस्था प्राप्ति | | | | मर्मत सम्भार कोष | | |
| क) ऋण प्राप्ति | | | | विपद व्यवस्थापन | 1157224.00 | 1157224.00 |
| ख) साँवा प्राप्ति | | | | कर्मचारी कल्याण कोष | | |
| ग) ब्याज प्राप्ति | | | | धरौटी | 1378197.60 | 1378197.60 |
| घ) अन्य प्राप्ति | | | | | | |
| विभिन्न कोषतर्फको आय | | | | | | |
| जनसहभागिता (नगद) | | | | | | |
| विषयगत निकायबाट प्राप्त रकम | | | | | | |
| | | | | | | |
| लगानीको साँवा फिर्ता | | | | | | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>अन्य विविध आय</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td>446456339.32</td><td>446456339.32</td><td></td><td>जम्मा</td><td>446456339.32</td><td>446456339.32</td></tr>
</table>
देहायका वजेट उपशिर्षकहरु पालिकाको आय व्ययमा समावेश भएको छैन ।
<table>
<tr><td>वजेट उपशिर्षक</td><td>निकासा खर्च</td></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td>८०३६८३२६</td></tr>
<tr><td>एकिकृत स्वास्थ्य पूर्वाधार</td><td>१७६१२०००</td></tr>
<tr><td>जम्मा</td><td>९७९८०३२६</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४</td>
<td></td>
<td></td>
<td>जिम्मेवारी फरक परेको<br><br>जिम्मेवारी फरक परेको—स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा १६२५०४२७।४२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१९६३०२१३।८६ जिम्मेवारी सारेको देखियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ३३७९७८६।०० वढी जिम्मेवारी सारेको छ।</td>
<td></td>
</tr>
<tr>
<td>५</td>
<td></td>
<td></td>
<td>कर कट्टि<br><br>विभिन्न मितिमा विभिन्न फर्म तथा व्यक्तिको अग्रिम कर वापत कट्टि गरेको रकम ११४७५९ पालिकाको खातामा मौज्दात रहेको पाइयो । कर कट्टि वापत को रकम संचितकोष दाखिला हुनुपर्ने रु</td>
<td>११४,७५९</td>
</tr>
<tr>
<td>६</td>
<td></td>
<td></td>
<td>आन्तरिक नियन्त्रण प्रणालीः</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ वाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता | |

| | | | | |
|---|---|---|---|---|
| | | | सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **कानून र सञ्चालन स्थितिः-**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४८ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५४ वटा ऐन, ५४ वटा नियमावली, ५४ वटा कार्यविधि र १ नर्मस लगायत १६३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ ।आवश्यक कानूनहरु तर्जुमा गरी प्रभावकारी कार्यान्वयन हुनु पर्दछ । | |
| ८ | | | **कार्य संचालन कार्यविधिः**<br><br>कार्य संचालन कार्यविधिः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ ।<br><br>क स — कार्यक्रमको नाम<br>१ — अध्यक्ष वृहत कृषि कार्यक्रम<br>२ — महिला सँग उपाध्यक्ष कार्यक्रम | |
| ९ | | | **योजना र कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला | |

<table>
<tr><td></td><td></td><td></td><td>योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । स्थानीय आवधिक योजना तर्जुमा गरी सोही अनुसार दीगो पुँजि निर्माणमा स्रोतको उपयोग हुनु पर्दछ ।
<table>
<tr><th>क. सं.</th><th>विवरण</th><th>योजना संख्या</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>७७</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि २ लाख सम्मका योजना</td><td>१०३</td></tr>
<tr><td>३</td><td>रु २ लाख देखि ५ लाख सम्म</td><td>४५</td></tr>
<tr><td>४</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>५</td></tr>
<tr><td>५</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>६</td></tr>
<tr><td>६</td><td>जम्मा</td><td>२३६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका उपाध्यक्ष श्री पाउसरा देवी थापाले २०७७।३।१५ गते रु. ४६ करोड ५ लाख ६६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>अबण्डा वजेट</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष अध्यक्ष वृहत विकास कार्यक्रमको रुपमा रू १५ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट विभिन्न योजना बनाई खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td>बजेट उपशिर्षक</td><td>खर्च रकम</td><td>चौमासिक खर्च</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td><td>आषाढमा</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>१४७९६८७९३</td><td>२४१३५३०४</td><td>३०९५४०२८</td><td>९२८७९४६१</td><td>५७४०५१६८।०</td></tr>
<tr><td>प्रतिशत</td><td></td><td>१६.३१</td><td>२०.९२</td><td>६२.७६</td><td>३८.७</td></tr>
</table>
उल्लिखित विवरण अनुसार पहिलो चौमासिकमा १६.३१ प्रतिशत, दोस्रो चौमासिकमा २०.९२प्रतिशत र तेस्रो चौमासिकमा ६२.७६प्रतिशत खर्च गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने पद्दतिमा सुधार गरी सार्वजनिक खर्च व्यवस्थापनमा गुणात्मक सुधार ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><td>क्षेत्र</td><td>बजेट</td><td>खर्च</td><td>खर्च प्रतिशत</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा खर्चको तुलनामा</td></tr>
<tr><td>आर्थिक विकास</td><td>१७०१००००</td><td>१६०२६१३४</td><td>94.21</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पूर्वाधार विकास</td><td>११७०२९०००</td><td>१०४६०००९६</td><td>89.37</td></tr>
<tr><td>सामाजिक विकास</td><td>२२६१४१०००</td><td>२०५६५३९९६।५३</td><td>90.34</td></tr>
<tr><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>२५७१८०१६</td><td>१७९०६२३०</td><td>66.51</td></tr>
<tr><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>७४६६८०००</td><td>५३११९५८९।१९</td><td>71.14</td></tr>
</table>
उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ९०.३४ प्रतिशत र सबै भन्दा घटी वातावरण तथा विकासमा शून्य प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
अनुदान फिर्ता<br><br>
देहाय अनुसार खर्च नभइ वाकि रहेको रकम लेखापरीक्षण अवधि सम्म पनि फिर्ता नभइ पालिका को खातामा मौज्दात रहेको पाइयो खर्च नभइ वाकी रहेको रकम फिर्ता गर्नुपर्दछ रु
<table>
<tr><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>सर्शत अनुदान चालु (सघ)</td><td>४०९८११२।४५</td></tr>
<tr><td>विशेष अनुदान (सघ)</td><td>१८७४८२२</td></tr>
<tr><td>समपुरक अनुदान प्रदेश</td><td>६३८७१४३।१८</td></tr>
<tr><td>जम्मा</td><td>१२३६००७७।६३</td></tr>
</table>
</td><td>१२,३६०,०७७</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>सम्पत्ति हस्तान्तरण</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ। | |
| १६ | | | **जिन्सि निरीक्षण ,लिलाम तथा मर्मतः**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० उपनियम १ मा व्यवस्था भए वमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसमानको अवस्था वारे कार्यालय प्रमुखले एक वर्षमा कम्तिमा एक पटक आफै वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यस्को प्रतिवेदन लिखितरुपमा लिई राख्ने व्यवस्थाछ ।आर्थिक कार्यविधि नियमावली २०६४ कोनियम ५७ (२) मा नियम ५३ बमोजिमको प्रतिवेदनमा उल्लेखित बेकम्मा भई काम नलाग्ने देखिएका मालसामानहरू लिलाम विक्रि गर्ने, मर्मत गर्नुपर्ने वा मालसामानहरू मर्मत गर्ने, आम्दानी नबाँधिएका जति तुरुन्त आम्दानी बाँध्ने कर्तव्य कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीको हुनेछ भन्ने उल्लेखछ । नियम ५०(३) मा जिन्सी निरीक्षण प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदनको एक प्रति तालुक कार्यालयमा पठाउनु पर्ने र तालुक कार्यालयले त्यस्तो प्रतिवेदनको विषयमा एक महिना भित्र कुनै निर्देशन पठाएमा कार्यालय प्रमुखले सो समेतलाई विचार गरी सो अवधि भित्र कुनै निर्देशन प्राप्त नभएमा लिलाम बिक्री गर्नुपर्ने सामान ६ महिना भित्र र मर्मत सम्भार गर्नुपर्ने भए ३ महिना भित्र गरिसक्नु पर्ने उल्लेख छ । सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) हाल सम्म प्रयोग नगरिएकोले पालिकाले नियमावलीमा भएको व्यवस्थालाइ कार्यान्वयन गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १७ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ५२ जना कर्मचारीहरु करारमा राखी रु.१६९०००००.० खर्च लेखेको छ । | |
| १८ | | | **वडा सचिवको पदपूर्ति** | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।<br><br>वडा संख्या: ७ ; वड सचिवको दरबन्दी: ७ ; वडा सचिवको पदपूर्ति: ६ ; रिक्त वडा सचिव: १ | |
| १९ | | | **न्यायिक समितिः-**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा यस सम्वन्धमा कुनै विवरण प्राप्त भएको छैन । | |
| २० | | | **खाना तथा विविध खर्च —**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.९०००००.० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २१ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.२०००००.० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २२ | १७ | २०७८-११-११ | **जिन्सि आम्दानि**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ अनुसार सामान खरिद गरेमा ७ दिनभित्र जिन्सी किताबमा आम्दानी बाध्नुपर्ने उल्लेख छ। जनस्वास्थ्य अधिकृत को श्री दिपकराज रावल रु२०००००। पेशकी फछ्यौंट गरेको छ। उक्त पेश्की फछ्यौंटमा डेल ल्यापटप | १६७,००० |

Nested table in the first row:

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | ६ | १ |

| | | | | |
|---|---|---|---|---|
| | | | १ थान खरिद वापत रु. १६७०००। को विल संलग्न छ। खरिद गरेको ल्यापटप पालिकाको जिन्सी कितावमा आम्दानी बाँधेको छैन। जिन्सी कितावमा आम्दानी नबाँध्दा सामान खरिद भएको यकिन हुन सकेन रु | |
| २३ | ७६ | २०७९-३-१५ | **फोटो कपि बिल**<br><br>रेन ट्रेड एण्ड मार्केटिङ प्रा लि लाई सुचना छपाई वापत रु १६२०८४। भुक्तानि दिएको छ ।भुक्तानि साथ सक्कल बिल हुनु पर्नेमा फोटो कपि बिल रहेको छ । फोटो कपि बिल हुदा दोहोरो भुक्तानि हुन सक्दछ। सक्कल बिल पेश हुनु पर्दछ रु | १६२,०८४ |
| २४ | ४१ | २०७९-२-१८ | **बैक जमानत**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(३)मा पेश्की दिँदा बैंक जमानत लिई पेश्की दिनुपर्ने उल्लेख छ। गडराय स्वास्थ्य चौकी निर्माण गर्ने निर्माण ब्यवसायी कृष्ण कन्सट्रक्सनलाई पालिकाले ४१।०७९।०२।१८ बाट पेश्की वापत रु.१४२००००। उपलब्ध गराएको छ। पेश्की दिँदा बैंक जमानत लिनुपर्नेमा लिएको देखिएन।बैक जमानतको प्रमाण पेश हुनु पर्दछ रु. | १,४२०,००० |
| २५ | ३१३ | २०७९-३-२० | **नापि किताब**<br><br>सार्बजनिक खरिद नियमावलि २०६४ को नियम ८४ अनुसार २०लाख सम्मको मालसामान खरिद गर्दा सिलबन्दि दरभाउ पत्रबाट खरिद गर्नु पर्दछ ।पालिकाले बिनिता हार्डवेयर एण्ड सप्लायर्सबाट २ पटक गरि HDPE 90 MM PN6 का मिटर पाईप खरिद कोटेसनबाट गरेको छ । नियममा ब्यबस्था भए अनुसार नियमको पालना गरेको छैन। साथै खरिद गरेका पाईपहरु कुनयोजनामा प्रयोग भए योजनाको नाम सामान प्रयोग नापि किताब पेश हुनु पर्नेमा नापि किताब पनि नभएको रु | १,५३३,६३६ |
| २६ | ८२ | २०७९-३-१५ | **जिन्सि दाखिला**<br><br>आई सि टि ल्याब वापत खसड मा बि लाई ८२।०७९ ।३।१६ बाट रु ६५००००। भुक्तानि दिइको छ। ल्याबका लागि खरिद गरेका डेस्क टप कम्प्युटर २७ थान रु २९४०००। ल्यापटप २ थान रु १४००००।प्रोजेक्टर १ थान रु ४५०००।र प्रिन्टर १ थान २३०००। गरि रु ५०२०००। का सामानको जसन्सि दाखिला हुनु पर्नेमा जिन्सि दाखिला छैन। जिन्सि दाखिलाको प्रमाण पेश हुनु पर्दछ रु | ५०२,००० |
| २७ | ७५ | | **भरपाई पेश हुनु पर्ने**<br><br>अनुगमन खर्च वापत ७५।०७९।३।१५ बाट रुरु ९००००। भुक्तानि दिएको छ।कुन कुन ब्यक्तिले कहा कहा अनुगमन गरेको हो अनुगमन आदेश र अनुगमन रिपोर्ट ररकम बुझेको भरपाई हुनु पर्नेमा उल्लेखित कागजात पाईएन। कागजात पेश हुनु पर्दछ अन्यथा असुल हुनु पर्दछ रु | ९०,००० |

<table>
<tr><td>२८</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिबेदन<br><br>सार्बजनिक खरिद नियमावलि २०६४ को नियम १२५ मा निर्माण कार्यकोकार्यसम्पन्न प्रतिबेदन गर्नु पर्ने उल्लेख छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्नानुसारका बिद्यालयलाई भवन निर्माण वापत रकम निकाशा छ।निकाशा दिएको रकमबाट बिद्यालयको भवन निर्माण कार्यसम्पन्न पेश भएको छैन। काय सम्पन्न प्रतिबेदन पेश हुनु पर्दछ रु<br><table><tr><td>बिद्यालयको नाम</td><td>रकम</td></tr><tr><td>मेल्तडि माध्यमिक बिद्यालय</td><td>३६०००००।</td></tr><tr><td>फटादेवल माध्यमिक बिद्यालय</td><td>१८०००००।</td></tr><tr><td>भाग्योदय माध्यमिक बिद्यालय</td><td>१८०००००।</td></tr><tr><td>जम्मा</td><td>७२०००००।</td></tr></table></td><td>७,२००,०००</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>विद्यालयगत निकासा खाता<br><br>विद्यालयगत निकासा खाताः कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यखलय गत निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>सामुदायिक शिक्षाको गुण स्तर<br><br>सामुदायीक विद्यालयको गुणस्तर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ ।पालिकाले आ. व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन ।पालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>पदाधिकारी सुविधा<br><br>पदाधिकारी सुविधा —स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी</td><td></td></tr>
</table>

उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भए बमोजिमको दरमा यस पालिकाका ३८ नगर सभा सदस्यहरुको लागि सुविधा स्वरुप रू 6336500. खर्च लेखेको देखियो ।

| सि.नं | विवरण | प्रमुख/ | उपप्रमुख/ | वडाअध्यक्ष 7 जना | कार्यपालिका सदस्य 6 जना | सभाका सदस्य 23 | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | | | | |
| १ | बैठक भत्ता | 16000 | 16000 | 112000 | 96000 | 368000 | 608000 |
| | | | | | | | |
| २ | यातायात खर्च | 0 | 108000 | 504000 | 0 | 0 | 612000 |
| ३ | टेलिफोन,मोबाइल | | | | | | |
| ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | 60000 | 54000 | 336000 | 216000 | 552000 | 1218000 |
| ५ | समन्वय तथा सहजीकरण | 108000 | 84000 | 504000 | 360000 | 828000 | 1560000 |
| ६ | अतिथि सत्कार | 120000 | 108000 | 588000 | 0 | 0 | 816000 |
| | | | | | | | |
| ७ | खानेपानी/बिजुली/सरसफाई | 42000 | 36000 | 168000 | 144000 | 276000 | 666000 |
| ८ | चाडवाड खर्च | 33500 | 37500 | 199500 | 78000 | 184000 | 532500 |
| | जम्मा | 379500 | 443500 | 2411500 | 894000 | 2208000 | 6336500 |

३२

**भरपाई पेश हुनु पर्ने**

२००,०००

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार लेखा राख्दा विल भर्पाई सहित राख्नुपर्ने उल्लेख छ।पालिकाले निम्न भौचर नं र मितिबाट भगवति कृषक समुहलाई देहायअनुसार ओखरका विरुवा उपलब्ध गराएवापत रु २००००० भुक्तानी

<table>
<tr><td></td><td></td><td></td><td>दिएको छ।खरिद गरेका ओखरका विरुवा सम्बन्धित किसानलाई वितरण गरेको वितरण भर्पाई पेश हुनुपर्नेमा वितरण भर्पाई संलग्न छैन। वितरण भर्पाई पेश हुनु पर्दछ रु<table><tr><td>भौचर नं मिति</td><td>रकम</td></tr><tr><td>३०।०७८।१०।१८</td><td>१४५०००।</td></tr><tr><td>३७।०७८।१२।०२</td><td>५५०००।</td></tr><tr><td>जम्मा</td><td>२०००००।</td></tr></table></td><td></td></tr>
<tr><td>३३</td><td>८८</td><td>२०७८-११-११</td><td>वढी भुक्तानि<br><br>धमाली खेत सिचाईकुलो निर्माण वापत रु.३४५४६५।८१।को लागत अनुमानमा पालिकाले रु. २७५५००। र उपभोक्ता समितिले रु. ६९९६५।८१ बेहोर्ने गरि लागत अनुमानको अंकमा काम सम्पन्न गर्ने गरि सम्झौता भएको छ। उपभोक्ता समितिले रु. ३६९१२६। को काम सम्पन्न गरेको छ। स्टोन मेसिनरीको काम .९५ घ मि काम भएकोमा ६।७५ घ मि कामको भुक्तानी दिएको छ। प्रति घनमिटर दर १३५३२।२४ रहेको छ। भएको कामभन्दा ५।८० घ मि को भुक्तानी भएको रकम उपभोक्ताको अंश कट्टि गरि असुल हुनुपर्दछ रु.</td><td>६२,५५३</td></tr>
<tr><td>३४</td><td>७३</td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरि भुक्तानी दिनुपर्दछ। पालिकाले बाटोको नामै नखुलाई बाटो सफाई वापत म १ त ११७ को टयक्टरले बाटो सफाई गरेको भनि प्रकाश बहादुर सिंहलाई रु. ९००००। मा अग्रिम कर रु. ९०००। कट्टि गरि रु. ८१०००। भुक्तानी दिएको छ। कति परिमाणमा काम गरेको हो। नापी किताव र कार्यसम्पन्न प्रतिवेदन संलग्न छैन। नापी किताव र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ रु</td><td>९०,०००</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>डि पि आर<br><br>डि पि आर — सार्वजनिक खरिद नियमावली,नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका डि पि आर खरिद वापत रु. २८६७००० खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिरुधाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।<table><tr><td>भौ न मिति</td><td>योजना</td><td>भुक्तानी पाउने</td><td>रकम</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९७।०७८।११।०८</td><td>बामिली सडक</td><td>यु डि के ईन्जिनियरिङ्ग कन्सलटेन्सी</td><td>२९८०००।</td></tr>
<tr><td>०४।०७८।११।०६</td><td>खसड बाहिरी चक्रपथ</td><td>नेपाल सिभिल एण्ड एग्रिकल्चर कन्सलटेन्सी</td><td>५९८०००।</td></tr>
<tr><td>०९।०७८।११।०६</td><td>गडराय स्वास्थ्य चौकी भवन निर्माण</td><td>के एस ईन्जिनियरिङ्ग कन्सलटेन्सी</td><td>१९७१०००।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२८६७०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td>११४</td><td>२०७८-१२-८</td><td>वढी भुक्तानि<br><br>बुड्डीखोला पुरानी सडक मर्मत उपभोक्ता समितिलाई रु. ७७१४०० खर्च लेखेको छ। कुल लागत अनुमान रु.९७८०५९।८६ मा पालिकाको अंश ७७१४०० र उपभोक्ताको अंश २०६६५९।९५ रहेको छ। उक्त योजनाको १०२०७०६ को काम सम्पन्न भएको छ। उक्त काममा पि सि सि फर आर सि सि १:२:४ ५।८२ घ मि काम भएको छ। दर विश्लेषण अनुसार उक्त कामको दर प्रति घनमिटर १८८४०।३६ रहेकोमा रु.२५२८५।१९ का दरले भुक्तानी दिएको छ। दर विश्लेषण भन्दा रु. ६४४४।८३ बढिले भुक्तानी भएको रकम असुल हुनुपर्दछ</td><td>३७,५०९</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>बढि भुक्तानि<br><br>आर्थिक कार्यविधि तथावित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिनगरि भुक्तानी दिनुपर्दछ। पालिकाले देहायअनुसारको काममा दर विश्लेषण भन्दा बढि दरले भुक्तानी दिएको छ। दर विश्लेषण भन्दा बढि दरले भुक्तानी दिएको रकम असुल हुनुपर्दछ रु.
<table>
<tr><td>भौ नं मिति</td><td>योजना</td><td>काम</td><td>परिमाण</td><td>दर विश्लेषण</td><td>भुक्तानी दर</td><td>बढि दर</td><td>बढि भुक्तानी</td></tr>
<tr><td>४५।०७८।११।०३</td><td>बलबाडा ज्यूला सिचाई</td><td>फर्मा</td><td>२८।८ घ मि</td><td>७६३</td><td>९१७।७८</td><td>१५७।७८</td><td>४४५८</td></tr>
<tr><td>४७।०७८।११।०३</td><td>तोलागाडा बुढिपाला जाने सडक</td><td>स्टोन सोलिङ्ग</td><td>४५।३४ घ मि</td><td>३८४०</td><td>४४०३</td><td>५६३</td><td>२५५२६</td></tr>
</table>
</td><td>९१,१८५</td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५३।०७८।११।०५ | सिलकाँडा देखी बाडापनेरा बाटो | | ५६।१० घ मि | ३८४० | ४६९४ | ८५४ | ४७९०९ |
| १५४।०७८।१२।११ | डिम्मरखोला सिचाई | स्टोन सोलिङ्ग | ८।१० घ मि | ४३२० | ५९६१ | १६४१ | १३२९२ |
| जम्मा | | | | | | | ९११८५ |

३८

**मालसामानमा खर्च गरेको**

प्रधानमन्त्री रोजगार निर्देशिका २०७७ को दफा ६८ मा यो कार्यक्रम अन्तरगत कामकालागी पारीश्रमिकमा आधारित रोजगार आयोजनाको लागी मन्त्रालयवाट प्राप्त रकम पारिश्रमिकमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न आयोजना संचालन गर्दा देहाय वमोजिको खर्च मालसामनमा गरेको पाईयो । यस्ता खर्चहरु नियन्त्रण गर्नु पर्दछ ।

| गो भौ न मिति | आयोजनको नाम | खर्च रकम | सामाग्री को लागत |
|---|---|---|---|
| ४०।२०४९।२।१० | पारी मन्दिर निर्माण पिठतोला | १९७९९५ | ८२६७० |
| १८।२०७८।१२।६ | घट्टे खोला तटवन्ध निर्माण | २९६९९९ | ९७९६३ |
| २५।२०७८।१२।९ | खौला ढल निर्माण | १९७९९७ | ८७९९८ |
| २८।२०७८।१२।१० | ठाडा गांउ सिचाई कुलो | २५१७३६ | ९९०६८ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६५।२०७९।३।९</td><td>दुग्धेश्वरी प्रा वि घेरवार पर्खल</td><td>४९४९९६</td><td>७६४१५</td></tr>
<tr><td>१२९।२०७९।३।२५</td><td>मसलंन्द खरिद</td><td>१४१५९०</td><td>१४१५९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
कृषीमा अनुदान<br><br>
अनुदानको अनुगमनः सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ।पालिकाले कृषि, पशु, क्षेत्रको विकास गर्न सामान खरिद गरी वितरण गरेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन ।अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।साथै अनुदान सम्बन्धमा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ । नमूना छनौटको रुपमा केहि भौचरको छनौट गर्दा देहायको कृषक समूहलाइ अनुदान वितरण गरेको पाइयो
<table>
<tr><td>अनुदान पाउनेको सस्था वा समुह</td><td>रकम</td><td>उदेश्य</td></tr>
<tr><td>आडेगडा आलुपकेट समिति</td><td>२५००००</td><td>तरकारी खेति</td></tr>
<tr><td>भकभके आलु पकेट संचालक समिति</td><td>२५००००</td><td>तरकारी खेति</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| लालीगुरांस वहु उदेश्यीय कृषि फर्म | २५०००० | तरकारी खेति |
| वामिलि आलु पकेट संचालक समिति | २५०००० | तरकारी खेति |
| वाडपाला कृषक समुह | ३००००० | सुन्तला खेती |
| कालिका वहुउदेश्यीय कृषक समुह | २००००० | वाखा पालन |
| कैलास देव महिला कृषक समुह | २००००० | तरकारी खेति |
| प्रगति वहु उदेश्यीय कृषि फर्म | ३००००० | कागति खेति |
| छोटा खेत तरकारी उत्पादक समुह | २००००० | कागति खेति |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>छान्ना हरियालि कृषि सहकारी संस्था</td><td>३०००००</td><td>सुन्तला खेति</td></tr>
<tr><td>मुङ्ग्रा महिला सहकारी संस्था</td><td>२०००००</td><td>कागती खेती</td></tr>
<tr><td>खसड तरकारी उत्पादक कृषक समुह</td><td>२०००००</td><td>कागति खेती</td></tr>
<tr><td>प्रगतिसिल युवा कृषक समुह</td><td>२०००००</td><td>कागति खेती</td></tr>
<tr><td>बागापाटा कृषक समुह</td><td>२०००००</td><td>कागति खेति</td></tr>
<tr><td>कालिका वहुउदेश्यीय कृषक समुह</td><td>२०००००</td><td>तरकारी खेति</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>औषधी खरिद तथा व्यवस्थापन</td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | क औषधि खरिद सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १ क मा रु. २० लाखसम्मको औषाधिजन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सुचना प्रकासन गरी तोकेको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लिखित सीमाभन्दा बढीको सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले १९९७५४५ वामोजिमको औषाधिजन्य मालसामान खरिद गर्दा उपरोक्त विधि नअपनाई सोझै खरिद गरेको छ ।<br>ख आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाणसमावेश नभएको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको। तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ४१ | | | **दोहरो तलव भुक्तानी**<br><br>दोहरो तलव भुक्तानी हे अ देवेन्द्र वहादुर सिह माघ महिनामा माथिल्लो तहमा पदोन्नति हुनु भए चैत्र सम्म साविककै तलव भत्ता भएको अवस्थामा गो भा न ९० ।२०७९। २।१७ मा वैसाख र जेठ महिनाको तलव भुक्तानी गर्दा सो महिनाको तलवका अतिरिक्त माघ देखि चैत्र सम्मको वढ तलव मात्र भुक्तानी हुनु पर्नेमा पुरै तलव भत्ता भुक्तानी भएको हुदा क सं कोष थप समेत रु १४०९४९ वढी भुक्तानी हुन गएको छ । पालिकाले असाढ महिनाको तलव भत्ता विमा स्थानिय भत्ता समेत रु ५५८९९ कट्टा गर्दा समेत मिलान हुन नसकेको तलव असुल हुनु पर्ने रु | ८५,०५० |
